बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
बेलौरी, कन्चनपुर ।
सुदुरपश्चिम प्रदेश नेपाल ।

पत्र संख्या:०८०।०८१
च.नं. :

मिति: २०८०/०९/२४

## प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०९/२४ गते
प्रस्ताव दर्ता गर्ने अन्तिम मिति : २०८०/१०/२४ गते कार्यालय समय भित्र

यस बेलौरी नगरपालिका पशु सेवा शाखाको आ. ब. २०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रम कार्यान्वयनका लागि तोकिए बमोजिमका शर्तहरू पालना गर्ने गरि यस नगरपालिकामा रहेका तपशिल अनुसारका साझेदार निकायहरूले सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समय भित्र) यसै सूचना संग नथ्थी गरिएको प्रस्तावको ढाँचामा प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेको वा म्याद नाघी प्राप्त भएका प्रस्तावहरू दर्ता तथा छनोट कार्यमा समावेश नहुने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ । थप जानकारीका लागि बेलौरी नगरपालिका पशु सेवा शाखाको फो नं. ०९९-५८००१६ मा सम्पर्क गर्नहुन अनुरोध छ ।

२०८०/९/२४
ओम प्रसाद उपाध्याय
नि. प्रमुख प्रशासकिय अधिकृत
नि.प्रमुख प्रशासकीय अधिकृत

कार्यक्रमको विवरण :

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | कार्यक्रमको अधिकतम साझेदारी रकम रू. | अनुदान प्राप्त गर्न सक्ने सम्भावित साझेदारहरू |
|---|---|---|---|---|---|
| १. | स्थानिय कुखुरा संरक्षणका लागि खोर सुधार कार्यक्रम ५० प्रतिशत अनुदान । | संख्या (फर्म , समूह,समिति) | २० | २५,०००। | कम्तिमा १०० संख्यामा स्थानिय कुखुराको माउ भएको, बेलौरी न.पा. पशु सेवा शाखामा दर्ता गरि व्यवसायिक रूपमा कुखुरा व्यवसाय गरिरहेको फर्म समूह, समिति |
| २. | उन्नत जातको बोका खरिद ५० प्रतिशत अनुदान । | संख्या (फर्म , समूह,समिति) प्रति वडा १ वटा बोका मात्र | १० | ३५,०००। | कम्तिमा २० संख्यामा माउ बाख्रा भएको, बेलौरी न.पा. पशु सेवा शाखामा दर्ता गरि व्यवसायिक रूपमा बाख्रा व्यवसाय गरिरहेको फर्म समूह, समिति |
| | | | | | |

फो.नं.०९९ ५८००१६
Email-pasusewa16@gmail.com

बेलौरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पशु सेवा शाखा
बेलौरी, कञ्चनपुर ।
सुदुरपश्चिम प्रदेश नेपाल ।

पत्र संख्या:०८०।०८१
च.नं. :

**प्रस्ताव आवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरू:**

१. रू १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र ।
२. व्यवसायको संक्षिप्त कार्ययोजना ।
३. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।
४. विगत २ वर्ष भित्र प्रस्तावित कार्यक्रमको लागि अनुदान नलिएको स्वघोषणा पत्र ।
५. प्रस्तावकले कम्तिमा १० वर्ष सम्म व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता पत्र ।
६. कार्यक्रम सञ्चालन हुने जग्गाको स्वामित्व देखिने प्रमाण पत्रको प्रतिलिपि वा लिजको घर जग्गामा कार्यक्रम स्थापना गर्ने भएमा जग्गाधनी संगको १० वर्षको करारनामा वा सम्झौता पत्र।
७. वडा कार्यालयले कार्यक्रममा समावेश गर्न उपयुक्त छ भनि दिईएको सिफारिस पत्र ।
८.समूह समितिको हकमा कार्यान्वयन गर्ने निर्णयको प्रतिलिपी ।
९. सूचना प्रकाशन हुनु अगावै प्रचलित कानुन बमोजिम सरकारी निकायमा दर्ता नविकरण गरेको प्रमाण पत्रहरूको प्रतिलिपि ।( बेलौरी न.पा.,घरेलु कार्यालय, राजस्व कार्यालय, अन्य)
१०. कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपी ।
१२. समुह समितिको हकमा अघिल्लो आ.व. को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
१३. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
१४. अन्य अनुभव तालिमका प्रमाणपत्रहरूको प्रतिलिपि।

प्रस्ताव बुझाउन सक्ने कार्यालय : वेलौरी नगरपालिका पशु सेवा शाखा बेलौरी कञ्चनपुर ।
प्रस्ताव फारम पाईने स्थान : वेलौरी नगरपालिका पशु सेवा शाखा बेलौरी कञ्चनपुर र बेलौरी न.पा. का सम्पुर्ण वडाहरूमा।

फो.नं.०९९ ५८००१६ Email-pasusewa16@gmail.com